बोर्डको निर्णय नं. २००२ सँग सम्बन्धित

नेपाल धितोपत्र बोर्ड
(खुमलटार, ललितपुर)

र

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
(सातदोवाटो, ललितपुर)

बीच

# सूचना आदानप्रदान एवं पारस्परिक सहयोगका लागि भएको

# "समझदारीपत्र तथा सहयोग सम्झौता"

## १, सम्झौताको अवधारणा र कानुनी आधारः

समग्र अर्थतन्त्रको दिगो विकास तथा वित्तीय स्थायित्वका लागि स्वच्छ, निष्पक्ष र पारदर्शी पूँजीबजारको विकास गर्न, बोर्डमा धितोपत्र दर्ता गराएका सूचीकृत संगठित संस्थाको गतिविधिहरुलाई थप पारदर्शी एवं प्रतिस्पर्धी बनाई संस्थागत सुशासन कायम गर्न साथै सर्वसाधारण लगानीकर्ताको हित सुरक्षा गर्न नेपाल धितोपत्र बोर्ड र नेपाल चार्टड एकाउन्टेन्टस् संस्था बीच पारस्परिक सहयोग तथा सूचना आदान प्रदान गर्न तथा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) को कार्यान्वयनमा सहजीकरण गर्न साथै धितोपत्र बजार, सूचीकृत संगठित संस्था साथै धितोपत्र व्यवसायीको वित्तीय प्रतिवेदनको आवश्यकता अनुसार अध्ययन तथा विश्लेषणका लागि यो समझदारीपत्र तथा सहयोग सम्झौता गरिरएको छ । साथै Corporate Governance सम्बन्धि व्यवस्थालाई प्रभावकारी बनाउन शेयर लगानीमा आधारित Public Interest भएको संगठित संस्थाहरुको लागि एकिकृत Corporate Governance Code को विकास एवं कार्यान्वयनको लागि समेत यस समझदारी पत्रद्वारा सहकार्य गर्ने उद्देश्य लिइएको छ ।

देहायका कानूनी व्यवस्थाको अधीनमा रही यो समझदारीपत्र तथा सहयोग सम्झौता गरिएको छ ।

- धितोपत्र सम्बन्धी ऐन, २०६३
- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३
- नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली २०६४
- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१
- कम्पनी ऐन, २०६३

## २, सम्झौताका पक्षहरुः

२.१, **नेपाल धितोपत्र बोर्डः** धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापित नेपाल धितोपत्र बोर्ड र यस पछि "बोर्ड" भनिएको, र

२.२, **नेपाल चार्टड एकाउन्टेन्टस् संस्थाः**
नेपाल चार्टड एकाउन्टेन्टस् संस्था ऐन, २०५३ को दफा ३ बमोजिम स्थापित नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र यस पछि "संस्था" भनिएको ।

**३, सम्झौताको उद्देश्यः** बोर्ड र संस्था बीच भएको यस समझदारी पत्र तथा सहयोग सम्झौताको उद्देश्य देहाय अनुसार रहेको छ :

३.१, बोर्ड तथा संस्था बीच आवश्यकता अनुसार सूचना तथा जानकारी आदान प्रदान गर्ने,

३.२, बोर्ड तथा संस्था बीच आवश्यकता अनुसार आवश्यक प्राविधिक सहयोग तथा परामर्श आदान प्रदान गर्ने,

३.३, बोर्ड तथा संस्थाले धितोपत्र बजार, धितोपत्र व्यवसायी साथै सूचीकृत संगठित संस्थाको वित्तीय विवरण तथा प्रतिवेदनको अध्ययन साथै NFRS कार्यान्वयमा सहजीकरण गर्ने र

३.४ बोर्ड तथा संस्थाले सूचीकृत संगठित संस्था, तोकिएका Public Interest भएका अन्य संगठित संस्था लगायत धितोपत्र व्यवसायीको वित्तीय प्रतिवेदनको अध्ययन तथा विश्लेषण गर्ने ।

३.५ देशको Corporate Sector को लागि एकिकृत Corporate Governance Code को विकास गरी सोको लागु गर्न सहकार्य गर्ने ।

३.६ संस्था तथा बोर्डले सुचिकृत संगठित संस्था, धितोपत्र व्यवसायीहरु तथा संस्थाका सदस्यहरुलाई बोर्ड वा संस्थाले गरेको कारबाहीको विवरण एकआपसमा जानकारी गराउने ।

४, **गोपनियता सम्बन्धी व्यवस्थाः** बोर्ड तथा संस्थाले धितोपत्र बजार, धितोपत्र व्यवसायी साथै संगठित संस्थाको वित्तीय विवरण तथा प्रतिवेदन लगायत अन्य तथ्यांक वा जानकारीको सूचना आदानप्रदान गर्दा दुवै पक्षले प्रर्याप्त रुपमा गोपनियता कायम राख्नु पर्नेछ ।

५, **पारस्परिक सहयोग तथा सूचना आदानप्रदान सम्बन्धी व्यवस्थाः**

५.१, बोर्ड तथा संस्थाले आवश्यकता अनुसार सूचना तथा जानकारी आदान प्रदान गर्न सक्नेछन् ।

५.२, बोर्ड तथा संस्थाले लेखा तथा लेखा व्यवसाय सम्बन्धी नीतिगत व्यवस्था गर्दा एकआपसमा राय परामर्श लिन /दिन सक्नेछन् ।

५.३, बोर्ड तथा संस्थाले आवश्यकता अनुसार प्राविधिक सहयोग तथा परामर्श आदान प्रदान गर्न सक्नेछन् ।

.४, बोर्ड तथा संस्थाले NFRS को कार्यान्वयनमा आवश्यकता अनुसार सहजीकरण गर्न संयुक्त रुपमा तालिम तथा प्रशिक्षण कार्यक्रम आयोजना गर्न सक्नेछन् ।

५.५, बोर्ड तथा सस्थाले आवश्यकता अनुसार धितोपत्र बजार धितोपत्र व्यवसायी तथा सूचीकृत संगठित संस्थाहरुको वित्तीय तथा प्रतिवेदनका अध्ययन तथा विश्लेषण सम्बन्धमा आपसी राय परामर्श लिन/दिन सक्नेछन् ।

५.६ सूचिकृत संगठित संस्थाको कैफियतपूर्ण लेखापरीक्षण प्रतिवेदनको सम्बन्धमा बोर्डलाई आवश्यक प्राविधिक सल्लाह सुझाव संस्थाले उपलब्ध गराउने छ ।

६, **अन्यः**

६.१ यस समझदारीपत्र तथा सहयोग सम्झौतामा दुवै पक्षका अधिकारप्राप्त प्रतिनिधिहरुले हस्ताक्षर गरेपछि लागू हुनेछ ।

६.२ यस समझदारीपत्र तथा सहयोग सम्झौतामा कुनै थपघट वा संशोधन गर्नु परेमा अवश्यकता अनुसार दुवै पक्षले आपसी समझदारीमा थपघट वा संशोधन गर्न सक्नेछन् ।

६.३ यस समझदारीपत्र तथा सहयोग सम्झौताको अवधि दुई बर्ष हुनेछ र दुवै पक्षले आपसी समझदारीमा समझदारीपत्र तथा सहयोग सम्झौताको अवधि थप गर्न सक्नेछन् ।

६.४ यस समझदारीपत्र तथा सहयोग सम्झौताको अवधि भित्रै सम्झौताको कार्यान्वयमा कठीनाई परेमा कुनै एक पक्षले अर्को पक्षलाई जानकारी दिई सम्झौताको अन्त्य गर्न सक्नेछ ।

**बोर्डको तर्फबाट**

...........................................

(भिष्म राज ढुगांना)
अध्यक्ष
नेपाल धितोपत्र बोर्ड ।
खुमलटार, ललितपुर ।

**संस्थाको तर्फबाट**

...........................................

(मदन कृष्ण शर्मा)
अध्यक्ष
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
सातदोवाटो,ललितपुर ।

**रोहवर,**

...........................................

(कृष्णराज पोखरेल)
उप कार्यकारी निर्देशक
नेपाल धितोपत्र बोर्ड ।
खुमलटार, ललितपुर ।

...........................................

संजय कुमार सिन्हा
( कार्यकारी निर्देशक )

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
सातदोवाटो,ललितपुर ।

संवत् २०७८ साल बैशाख महिना ०६ गते सोमबार ।